# पेन्टर तथा डेकोरेटर (Painter & Decorator) स्किल्ड ट्रेड टेस्ट नमुना प्राक्टिकल प्रश्नपत्र

此文件關於髹漆及裝飾大工（全科）工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Painter & Decorator. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू ट्रेड टेस्ट सेन्टर (Trade Test Centre) लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | :(852)2100 9000 |
| फ्याक्स नम्बर | :(852)2100 9249 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०१८ कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# पेन्टर तथा डेकोरेटरका लागि ट्रेड टेस्ट

| | | |
|---|---|---|
| पद | : | पेन्टर (Painter) तथा डेकोरेटर (Decorator) |
| ग्रेड | : | क्राफ्टम्यान (Craftsman) |
| आवश्यक कार्यहरू : | | आइटम 1 अनिवार्य छ र आइटम 2 देखि आइटम 8 सम्म कुनै पनि 6 वटा आइटमहरू छनोट गर्नुहोस्: |

| | | अङ्क |
|---|---|---|
| 1. | प्लास्टर गरिएको सरफेस (सतह) मा टेक्सचर पेन्ट (texture paint) लगाउने (करिब $3.5m^2$) | 10 |
| 2. | मिश्रण गर्ने र प्लास्टर गरिएको सरफेसलाई फिलिङ-अप गर्ने (करिब $5.5m^2$) | 15 |
| 3. | प्लास्टर गरिएको सरफेसमा इमल्सन पेन्ट (emulsion paint) लगाउने (करिब $4.0m^2$) | 15 |
| 4. | धातुको सरफेसमा आयल-बेस पेन्ट (oil-base paint) लगाउने (करिब $2.4m^2$) | 15 |
| 5. | काठको सरफेसमा रङ लगाउने र क्लियर-लैकर (clear-lacquer) पोलिसिङ गर्ने (चिल्लो गराउने) (करिब $1.2m^2$) | 15 |
| 6. | काठको सरफेसलाई तयार गर्ने र ब्रसिङ लैकर (brushing lacquer) ले पोलिसिङ गर्ने। लैकरलाई दिइएको नमुना अनुसार मिश्रण तथा मेल गराइन्छ (करिब $1.2m^2$) | 15 |
| 7. | प्लास्टर गरिएको सरफेसहरूमा पेपरह्यान्गिङ (paperhanging) गर्ने (करिब $6.0m^2$) | 15 |
| 8. | कार्डबोर्डहरूमा अंग्रेजी तथा चिनियाँ भाषाहरूमा अक्षर तथा वर्णहरूलाई सङ्केत भाषामा लेख्ने (signwriting) तथा स्टेन्सिलले चित्रण गर्ने (stencilling) (सबै अक्षर तथा वर्णहरूको उचाइ 100mm हुन्छ) | 15 |

समय अवधि : 6 घण्टा (खाना खाने समय बाहेक)

यो प्रश्नपत्र 5 पेजको छ। पूर्णाङ्क (फुल मार्क) 100 हो। उत्तीर्णाङ्क (पास मार्क) 60 हो।

फ्लोर प्लान




अभ्यासका सबै आइटमहरू नम्बरसहित चिन्ह लगाइएर तोकिएका स्थानहरूमा पूरा गरिनुपर्छ:

1. टेक्सचर पेन्ट लगाउनका लागि
2. फिलिङ-अपका लागि
3. इमल्सन पेन्ट लगाउने
4. आयल-बेस पेन्ट लगाउनका लागि
5. क्लियर-लैकर पोलिसिङका लागि
6. ब्रसिङ-लैकर पोलिसिङका लागि
7. पेपरह्यान्गिङका लागि

कैफियत : (1) सङ्केत भाषामा लेख्न तथा स्टेन्सिलले चित्रण गर्नका लागि माथि स्थान स्पष्ट उल्लेख गरिएको छैन; र
(2) आइटम 1 अनिवार्य छ र आइटम 2 देखि आइटम 8 सम्म कुनै पनि 6 वटा आइटमहरू छनोट गर्नुहोस्।


ब्रसिङ लैकर
क्लियर-लैकर
इमल्सन पेन्ट
पेपरह्यान्गिङ
फिलिङ-अप
टेक्सचर पेन्ट
आयल-बेस पेन्ट

中國

China

**परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू**

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिइएका ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नुपर्नेछ ।
5. टेस्टमा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्नेछ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    a. ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b. परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c. कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d. कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e. कार्यहरूको प्रगति
    f. सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g. औजार तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h. सुरक्षा सावधानीहरूको पालना
    i. अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j. परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले अनिवार्य रूपमा परीक्षालाई रोक्नुपर्नेछ ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्नेछ ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ ।

| |
|---|
| यदि परीक्षार्थीले सुरक्षा सावधानीहरू अनुसार काम गर्न असफल भएको र/वा कुनै डरलाग्दो स्थिति देखा परेको खण्डमा परीक्षामा फेल भएको मानिनेछ । |